# राष्ट्रिय जनमोर्चाको

## घोषणा-पत्र र विधान

[२०६८ बैशाख १३-१५ सम्म राष्ट्रिय जनमोर्चाको दोस्रो राष्ट्रिय सम्मेलनद्वारा पारित]

## घोषणा-पत्र

१. आज देश अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक अवस्थामा छ। त्यो अवस्थामा आमूल परिवर्तन नभैकन देशमा वास्तविक अर्थमा जनतन्त्रको स्थापना, राष्ट्रियताको रक्षा, समुचित आर्थिक-सामाजिक विकास, राष्ट्रिय उद्योग तथा कृषिको विकास, मजदूर, किसान, महिला, जनजाति, दलितजाति, अपाङ्ग, मधेशी समुदाय, पिछडिएका क्षेत्र वा प्रवासी नेपालीहरू समेत सबै शोषित, उत्पीडित वर्ग वा जनमुदायहरूको समस्याहरूको समाधान तथा उनीहरूको अवस्थामा सुधार सम्भव छैन। त्यसकारण विद्यमान अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक अवस्थामा आमूल परिवर्तन आजको देशको आधारभूत र ऐतिहासिक आवश्यकता हो।

२. देशमा विद्यमान अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक अवस्थाका कारणले जनताका मौलिक अधिकार र राजनैतिक स्वतन्त्रता, राष्ट्रियता, विभिन्न जनवर्गहरूका हक र हित तथा देश र जनताको विकास सम्पूर्ण रूपले प्रभावित छन्। हाम्रो देश कृषिप्रधान अवस्थामा छ र बहुसंख्यक जनताको जीवन निर्वाह तथा अर्थतन्त्रको आधार कृषि नै छ। तर एकातिर, सामन्ती र, अर्कोतिर, औपनिवेशिक प्रकारको शोषणका कारणले कृषि पिछडिएको अवस्थामा छ। जमीनको ठूलो भागमा सामन्ती वर्गको स्वामित्व छ। किसान कैयौं प्रकारका शोषण, उत्पीडन, भ्रष्टाचार, अन्याय-अत्याचार आदिको शिकार हुनुपरेको छ। ती सबैको परिणाम स्वरूप कृषि उत्पादन र विकास तथा सम्पूर्ण अर्थतन्त्र माथि अत्यन्त नकारात्मक असर परेको छ। त्यो अवस्थामा उत्पादक शक्तिहरूलाई सामन्ती प्रभुत्वबाट मुक्त गर्ने, मेहनतकश किसानहरूलाई जमीनको मालिक बनाउने, कृषिको आधुनिकीकरण गर्ने प्रश्नहरूले निर्णयात्मक महत्व राख्दछन्।

३. कृषि माथि आधारित अर्थव्यवस्था समग्र रूपमा कुनै देशको पिछडिएको अवस्थाको परिचायक हो। त्यो अवस्थामा सुधार देशको औद्योगीकरण बिना सम्भव छैन। तर एकातिर, देशमा विद्यमान सामन्ती प्रभुत्व, अर्कातिर, बहुराष्ट्रिय पूँजीको खतरा, विदेशी उद्योगहरूसितको कडा प्रतिस्पर्धा, तथा साम्राज्यवादी देशहरूद्वारा तेस्रो संसारका पिछडिएका र विकासोन्मुख देशहरूको उद्योग तथा अर्थतन्त्रमा प्रभुत्व कायम गर्ने संगठित षडयन्त्रका कारणले पनि देशको औद्योगिकरणमा बाधा पुगिरहेको छ। विश्व व्यापार संगठन (WTO)का कारणले त्यसप्रकारको प्रभुत्व अरू गम्भीर र व्यापक रूप लिंदै गैरहेको छ। देशको जेजति औद्योगिकरण भएपनि त्यसमा विदेशी वा बहुराष्ट्रिय पूँजीको भूमिका बढ्दै गैरहेको छ। त्यसप्रकारको औद्योगिकरण होइन, राष्ट्रिय उद्योगहरूको विकासका आधारमा नै देशको आर्थिक विकास हुन सक्दछ। त्यसकारण बहुराष्ट्रिय पूँजीको विरोध, विदेशी प्रतियोगिताबाट संरक्षणका आधारमा राष्ट्रिय उद्योगको विकासद्वारा नै कृषि तथा देशको आर्थिक विकास सम्भव छ।

४. देशमा अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक अवस्थाको नकारात्मक असर कृषि र उद्योग बाहेक आर्थिक र सामाजिक जीवनका अन्य कैयौं क्षेत्रहरूमा पनि परेको छ। देशको विकास अत्यन्त कम र असन्तोषजनक प्रकारले भैरहेको छ। देशमा विदेशी ऋणको बोझ र त्यसका साथै विदेशी हस्तक्षेप बढ्दै गैरहेको छ र त्यसबाट देशको सम्पूर्ण सार्वभौमिकता र राष्ट्रियता प्रभावित भैरहेको छ। हाम्रो सम्पूर्ण अर्थतन्त्र आर्थिक प्रकारले मात्र होईन, राजनैतिक प्रकारले पनि विदेशमुखी बन्दै गैरहेको छ। देशमा जेजति विकास भैरहेको छ, त्यो पनि अत्यन्त कम, सुस्त र असन्तोषजनक प्रकारले भैरहेको छ। जेजति विकास भैरहेको छ, त्यसबाट पनि आम जनता र सम्पूर्ण देशलाई कम र मुट्ठीभर उच्चवर्गीय, समाज विरोधी, भ्रष्ट तत्वहरू, सामन्त र दलाल पूँजीपति वर्ग, तस्कर तथा भ्रष्ट नोकरशाहीलाई नै फाइदा पुगिरहेको छ। देशका दूरवर्ती र ग्रामीण क्षेत्रको विकास अत्यन्त पछाडि परिरहेको छ। भाषा, संस्कृतिमा पतनोन्मुख पूँजीवादी छाडावादको प्रभाव बढ्दै गैरहेको छ। विदेशी मुख्यत: भारतीय जनसंख्याको अतिक्रमणबाट वा देशको सम्पूर्ण आर्थिक र सामाजिक जीवन असन्तुलित बन्दै गैरहेको छ। त्यसबाट अब देशको सार्वभौमिकता र राष्ट्रियताका अगाडि खतरा बढ्दै गैरहेको छ। नागरिकता सम्बन्धी गलत नीतिले त्यो खतरालाई झन् बढाएको छ। त्यसरी नेपालमा नेपालीहरू नै अल्पमतमा पर्ने सम्भावनालाई पनि अस्वीकार गर्न सकिन्न। खुला वा छद्म रूपमा विदेशी अवान्छित तत्वहरूको बढ्दो गतिविधि र घुसपैठले देशका विभिन्न जाति र समूहहरूका बीचको एकता खल्बलिंदै र त्यसरी सम्पूर्ण राष्ट्रिय एकतामा आँच पुग्दै गैरहेको छ। शिक्षा सम्बन्धी राष्ट्रिय र बैज्ञानिक नीतिको अभावमा शिक्षाबाट स्वस्थ्य राष्ट्रिय चेतना र चरित्रको विकास हुनुको सट्टा राष्ट्रिय चिन्तन र चरित्रमा नै कैयौं प्रकारका विकृतिहरू देखापर्दै गैरहेका छन्।

यसरी देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना भएपनि यो पूँजीवादी प्रकारको राजनैतिक व्यवस्था भएका कारणले यसबाट जनताको आर्थिक, सामाजिक तथा सांस्कृतिक जीवनमा आमूल परिवर्तन सम्भव छैन ।

५. उपरोक्त प्रकारको देशको आर्थिक राजनैतिक अवस्थाका कारण देशमा सम्पूर्ण शोषित, उत्पीडित, मेहनतकश जनता, मजदूर, किसान, महिला, दलित, जनजाति, विद्यार्थी, शिक्षक, प्राध्यापक, डाक्टर, नर्स, वकिल, बुद्धिजीवी, लेखक, कलाकार, न्यूनवैतनिक कर्मचारी, अपाङ्ग, विभिन्न अल्पसंख्यक समूह, मधेशी समुदाय, मुस्लिम, पिछडिएका क्षेत्र, प्रवासी नेपालीहरूको जीवनको अवस्था वा हितहरू नराम्ररी प्रभावित भएका छन् । जनआन्दोलनको परिणामस्वरूप देशको राजनैतिक स्थितिमा कैयौंपल्ट परिवर्तन हुने गरेको छ । तर जनताको अवस्थामा कुनै उल्लेखनीय परिवर्तन हुने गरेको छैन । आज पनि देशमा संयुक्त राष्ट्रसंघ वा स्वयं नेपाल सरकारले अनुमोदन गरेका घोषणापत्र वा अभिसन्धिहरूका विरूद्ध मानव अधिकारसित मेल नखाने कैयौं मध्ययुगीन प्रकारका कानूनहरू विद्यमान छन्, जसले गर्दा कैयौं जनसमूहहरू नराम्ररी प्रभावित छन् । विभिन्न सरकारहरूद्वारा भूमिसुधार सम्बन्धी कैयौं घोषणाहरूका बाबजूद किसानहरूको अवस्थामा कुनै खास सुधार भएको छैन । मजदूरहरूका हितहरू वा सुरक्षाका लागि कुनै प्रभावशाली कानून बनेका छैनन् वा जे जति कानून बनेका छन्, तिनीहरूलाई लागू गर्न पनि कुनै प्रभावशाली व्यवस्था छैन । जनजातिहरूको भाषा, संस्कृतिको संरक्षण र विकास तथा उनीहरूलाई स्थानीय स्वायत्त शासनको अधिकार प्रदान गर्नेतिर अत्यन्त उपेक्षाको नीति अपनाइएको छ । दलित माथिको छुवाछुत प्रथा कायम नै छ । महिलाहरूलाई सम्पत्ति माथि समान अधिकार कायम हुन सकेको छैन र परिवार भित्र विभिन्न प्रकारका हिंसात्मक व्यवहारहरू कायम नै छन् । शिक्षा र विद्यार्थीहरूको अवस्थामा सुधारका लागि अझै पर्याप्त काम हुन सकेको छैन । मधेश वा तराईका जनतासित कैयौं प्रकारले भेदभाव गरिन्छ । न्यून वैतनिक कर्मचारीहरूको न्यायपूर्ण हकहरू सुरक्षित छैनन् । अन्य जनवर्ग वा स्तरका हितहरूपनि सुरक्षित छैनन् । देशमा बारम्बार भएका कैयौं राजनैतिक परिवर्तनहरूका बाबजूद वहुसंख्यक जनताको अवस्थामा उल्लेखनीय सुधार नभएकाले विद्यमान आर्थिक, सामाजिक अवस्थामा आमूल परिवर्तन नभैकन उनीहरूका न्यायपूर्ण हक र अधिकार प्राप्त हुन नसक्ने तथा उनीहरूको अवस्थामा सुधार हुन नसक्ने कुरा दिनको उज्यालो जस्तो छर्लंग भएको छ ।

६. २०६२/०६३ को महान जनआन्दोलनको परिणामस्वरूप देशमा महत्वपूर्ण राजनैतिक परिवर्तनहरू भएका छन् । राजाद्वारा विघटित संसदको पुनर्स्थापना प्रतिगमन र निरंकुश राजतन्त्रको विरूद्ध नेपाली जनताको महान जनआन्दोलनको ऐतिहासिक सफलता हो । वास्तवमा त्यो अन्तर्राष्ट्रिय महत्वको नै राजनैतिक सफलता हो । संविधानसभाको चुनाव सम्पन्न गर्ने निर्णय, प्रतिनिधिसभाको घोषणा-२०६३, राजाका विशेषाधिकारहरूको कटौती आदि त्यसका ऐतिहासिक महत्वका कदमहरू हुन् । देशमा संविधानसभाको निर्वाचन हुनुले जनताको छ दशक लामो संविधानसभाको निर्वाचनको माग पूरा भएको छ । तर संविधानसभाले संविधान निर्माणका लागि तोकिएको दुई वर्षको अवधिमा संविधान निर्माण गर्न सकेन । त्यसपछि थपिएको एक वर्षमा पनि संविधान बन्ने अनिश्चित भएको छ । यसले गर्दा २०६२/६३ को महान जनआन्दोलनको उपलब्धि पुन: गुम्ने हो कि भन्ने खतरा पैदा भएको छ । राजावादीहरू संविधानसभा विघटन गर्ने र नयाँ निर्वाचनमा जाने कुरा उठाइरहेका छन् । माओवादीले एक वा अर्को बहाना देखाएर संविधान निर्माण प्रक्रियामा बाधा हालिरहेको छ । यसप्रकारको कार्यले प्राप्त उपलब्धि गुम्ने खतरा देखिएको छ । देश असफलतातिर धकेलिने सम्भावना रहेको छ । अहिले देशको लागि शान्ति र संविधान प्राथमिक महत्वका कुरा हुन् । माओवादी लडाकुको व्यवस्थापन र पुनर्स्थापना नगरिकन शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन सकिदैन । संविधान निर्माणको सवालमा संघीयता, जातीय राज्य, प्रदेशिक जातीय अग्राधिकार, आत्म निर्णयको अधिकार, बहुराष्ट्रवाद, एक मधेश एक प्रदेश जस्ता कुराहरूले राजनैतिक दलहरूबीच सहमति कायम गर्न बाधा पुऱ्याइरहेको

छ । हाम्रो पार्टी उपरोक्त धारणाहरूप्रति गम्भीर मतभेद राख्दै संविधानसभाभित्र संघर्ष गर्नुको साथै बाहिर सडकमा पनि विरोध कार्यक्रमहरू लगातार जारी राखेको छ । देशमा यदि संघीयता कायम भयो भने देश विखण्डन हुनेछ । देशको राष्ट्रियता, सार्वभौमिकता र अखण्डता माथि आँच पुग्ने छ र देश जातीय, साम्प्रदायिक तथा क्षेत्रीय द्वन्द्वमा फस्ने छ ।

७. संविधानसभामा प्रत्यक्ष तथा समानुपातिक प्रतिनिधित्वको आधारमा निर्वाचन गरेर सबै जात जाति, जनजाति, अल्पसंख्यक, मधेशी, मुस्लिम, महिलाहरूको सहभागिता रहेको छ । तर लाखौंको संख्यामा रहेका प्रवासी नेपालीको प्रतिनिधित्व संविधानसभामा रहेको छैन । हाम्रो पार्टीले प्रवासी नेपालीलाई आफ्नो प्रतिनिधि चुन्ने र मतदान गर्ने अधिकारको व्यवस्था गर्नु पर्छ भनेर संघर्ष गर्दै आयो तर अन्य दलहरू त्यसमा सहमत नभएकाले प्रवासी नेपालीहरूको संविधानसभामा प्रतिनिधित्व हुन सकेन । संविधानसभामा प्रतिनिधित्व हुन नसके पनि भविष्यमा संसदीय निर्वाचनमा उनीहरूलाई मतदान गर्ने र चुनिने अधिकारको संविधानमा व्यवस्थाका लागि हाम्रो संघर्ष यथावत कायम रहेको छ ।

८. आज देशको सार्वभौमिकता र राष्ट्रियताका अगाडि खतरा बढ्दै गैरहेको छ । साम्राज्यवाद वा विस्तारवादबाट बढ्दै गैरहेका विभिन्न प्रकारका हस्तक्षेप वा षडयन्त्रहरूका कारणले त्यो खतरा झन् गम्भीर बन्दै गैरहेको छ । साम्राज्यवादको आर्थिक

प्रभुत्व वा देशका सबै महत्वपूर्ण राजनैतिक विषयहरू वा नीति निर्धारणका कार्यहरूमा विदेशी शक्तिहरूको भूमिका बढ्दै गैरहेको छ । त्यसरी आर्थिक र राजनैतिक दुवै दृष्टिले देश परनिर्भर बन्दै गैरहेको छ । सीमा अतिक्रमण, देशको प्राकृतिक सम्पदा, मुख्यत: जल सम्पदा माथि वा अन्य कैयौं रूपमा देशमा विदेशी हस्तक्षेप बढ्दै गैरहेको छ ।

०६३ सालमा पुनर्स्थापित संसदले जन्मका आधारमा नागरिकता दिने राष्ट्रघाती निर्णय गऱ्यो । त्यो निर्णयले गर्दा लाखौं विदेशी नागरिकहरू विशेष गरी भारतीयहरूले नेपाली नागरिकता प्रमाणपत्र प्राप्त गरे । अहिले ०६७ सालमा आएर निर्वाचन आयोगले ठूला दलहरूको सहमतिमा नागरिकता प्रमाणपत्र बाहेक विभिन्न संघ संस्थाको परिचयपत्र वा वडाको सिफारिस समेतका आधारमा पनि मतदाता परिचयपत्र दिन सकिने राष्ट्रघाती निर्णय गऱ्यो । सर्वोच्च अदालतले समेत त्यो निर्णयको विरूद्ध फैसला गरेको सन्दर्भमा कतिपय दलहरूले नागरिकता विना पनि मतदाता परिचय पत्र दिनुपर्ने माग कायम राखेका छन् । नागरिकता विना पनि परिचयपत्र वितरण गर्ने नीति पुन: ल्याइएमा देशमा नेपालीहरू अल्पमतमा पर्ने र विदेशीहरू विशेषत: भारतीयहरूको बहुमत हुने स्थिति उपत्पन्न भई देश फिजीकरणको दिशामा जानेछ । त्यसकारण नागरिकता सम्बन्धी नीतिको सवालमा राष्ट्रघाती निर्णयसित कुनै सम्झौता गर्नु हुँदैन । शान्तिको पुनर्स्थापनाको दिशामा कैयौं महत्वपूर्ण कदम उठाइए पनि त्यो विषयमा अहिले पनि कैयौं समस्याहरू विद्यमान छन् । २०६२/०६३ को महान जनआन्दोलनद्वारा प्रतिगमन र निरंकुश राजतन्त्रको विरूद्ध महत्वपूर्ण सफलता प्राप्त भएपनि प्रतिगमन र निरंकुश राजतन्त्रको पुनर्स्थापनाको खतरा अहिले पनि विद्यमान छ । हिन्दू अतिवादीहरूले धर्म निरपेक्ष राज्यका विरूद्ध गतिविधि र षडयन्त्रहरू बढाउँदै लगिरहेका छन् । देशमा बढिरहेको पृथकतावादी वा साम्प्रदायिक प्रकारका प्रवृत्तिहरूका कारणले देशको अखण्डता, राष्ट्रिय एकता वा जातीय एकतामा आँच पुग्ने खतरा छ । देशमा नयाँ प्रकारले हिंसात्मक क्रियाकलापहरू बढ्दै गैरहेका छन् । विभिन्न जाति वा क्षेत्रहरूका बीचमा साम्प्रदायिक विग्रह फैलाउने प्रवृत्तिहरू देखा पर्न थालेका छन् । त्यसप्रकारका सबै समस्याहरूका विरूद्ध उच्च प्रकारको सतर्कता, जनजागरण वा आन्दोलनको आवश्यकता छ ।

९.पुरानो सामन्ती केन्द्रिकृत शासन प्रणालीको अन्त गरी नयाँ प्रकारले राज्यको पुनर्संरचना गर्नु संविधानसभाको महत्वपूर्ण कार्य हो । तर राज्य पुनर्संरचना गर्ने सन्दर्भमा संघीय राज्य व्यवस्था आर्थिक, सामाजिक, सांस्कृतिक, भौगोलिक कुनै पनि तरिकाले नेपालका निम्ति उपयुक्त व्यवस्था हुन सक्दैन । संघीयताका कारण जातीय द्वन्द्व भई राष्ट्र नै विखण्डन भएका थुप्रै देशहरूको उदाहरण हाम्रो अगाडि छ । संघीयतामा सार्वभौमसत्ता केन्द्र र प्रदेश बीच विभाजित हुन्छ । हाम्रो पार्टी सार्वभौमसत्ता विभाजनको विरूद्धमा उभिएको छ । विभिन्न जात जाति, आदिवासी, जनजाति, पिछडिएका क्षेत्र तथा मधेशी समुदायको अधिकार र विकासका निम्ति संघीयता होइन, प्रजातान्त्रिक विकेन्द्रियता तथा स्थानीय स्वायत्त शासनसहितको एकात्मक शासन प्रणाली नै नेपालको लागि उपयुक्त व्यवस्था हो । राज्यमा सबै उत्पीडित जाति, जनजाति, दलित, महिला आदिलाई समानुपातिक समावेशीको प्रक्रियाद्वारा पहुँच तथा सहभागिता गराएर नै उनीहरूको विकास गर्न सकिन्छ । मानव विकास सूचकांकका आधारमा तल परेका सूचिकृत जात-जाति, तथा जनजातिहरूको अत्याधिक घना बसोबास भएका क्षेत्रहरूलाई जातीय स्वशासनको समेत व्यवस्था गरिनु पर्दछ ।

१०. देशमा विद्यमान अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक व्यवस्था कायम हुँदासम्म देश तथा जनताका समस्याहरूको वास्तविक समाधान सम्भव छैन । त्यसका लागि देशमा बहुसंख्यक जनताका हितहरूको प्रतिनिधित्व गर्ने नयाँ जनवादी व्यवस्थाको स्थापनाका लागि आवश्यक छ । नयाँ जनवादी व्यवस्थाको स्थापना पछि नै देशको राष्ट्रियता, जनतन्त्र, राष्ट्रिय विकास, कृषिको अवस्थामा सुधार र राष्ट्रिय उद्योगहरूको विकास तथा विभिन्न जनवर्ग र स्तरको अवस्थामा सुधार सम्भव छ । तर देशमा विद्यमान अर्ध-सामन्ती व्यवस्थामा आमूल परिवर्तन र नयाँ जनवादी व्यवस्थाको स्थापना सबै शोषित, उत्पीडित, मेहनतकश जनता र देशभक्त जनतान्त्रिक, वामपंथी र प्रगतिशील वर्ग, जनसमुदाय वा राजनैतिक शक्तिहरूको व्यापक ऐक्यवद्धता तथा जनसमुहको क्रान्तिकारी भूमिकाद्वारा मात्र सम्भव छ । त्यसकालागि सबै देशभक्त, जनतान्त्रिक र वामपंथी शक्तिहरूको रणनैतिक संयुक्त मोर्चा बन्नु आवश्यक छ । त्यसकारण हाम्रो पार्टीले सबै क्रान्तिकारी वर्ग, जनसमुदाय वा देशभक्त, जनतान्त्रिक र वामपंथी शक्तिहरूको ऐक्यवद्धताका आधारमा संयुक्त मोर्चाको निर्माणमा जोड दिन्छ र त्यो उद्देश्य पूर्तिकालागि बढी भन्दा बढी योगदान दिने राष्ट्रिय जनमोर्चाको नीति हुनेछ ।

११. राष्ट्रिय जनमोर्चाको गठन २०५२ सालमा भएको थियो । २०५६ मा निर्वाचित संसदमा राष्ट्रिय जनमोर्चाको ५ जना सांसदहरू हुनुहुन्थ्यो । पछि राष्ट्रिय जनमोर्चा र संयुक्त जनमोर्चा नेपालका बीचमा एकता भएर २०५९ सालमा जनमोर्चा, नेपालको गठन भएको थियो । तर अन्य कतिपय राजनैतिक शक्तिहरूको विश्लेषण र तात्कालिक राजनैतिक नीति सम्बन्धी कतिपय महत्वपूर्ण प्रश्नहरूमा हाम्रा बीचमा देखा परेका गम्भीर मतभेदहरूका कारण त्यो एकतालाई निरंतरता दिनु सम्भव भएन । त्यसैले २०६३ जेष्ठमा जनमोर्चा, नेपालमा विभाजन भै संसद भित्र र बाहिर पनि जनमोर्चा, नेपालको एउटै नामले विभिन्न समूहले काम गर्दै आएका थिए । त्यसले गर्दा संसद भित्र र देशको राजनीतिमा पनि अन्यौलको अवस्था उत्पन्न भयो । संविधानसभाको चुनावको प्रयोजन समेतका लागि, त्यो समस्याको समाधानका लागि कुनै कदम उठाउनु जरूरी थियो । त्यसैले एउटै नामले कैयौं संगठनहरूले

काम गर्नु उपयुक्त नदेखेकाले हामीले राष्ट्रिय जनमोर्चाका नाममा आफ्ना राजनैतिक वा संगठनात्मक कामहरूलाई परिचालन गर्ने ठेगान गरेका थियौं ।

१२. अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक अवस्था र त्यसमाथि अडेका आर्थिक, सामाजिक तथा राजनैतिक संरचनामा आमूल परिवर्तन र नयाँ जनवादी व्यवस्थाको स्थापना भएपछि नै देश र जनताका आधारभूत समस्याहरूको समाधान सम्भव छ । तैपनि जनताको संगठन, आन्दोलन र जनमतको दबाबद्वारा विद्यमान आर्थिक-सामाजिक संरचनाका सीमा भित्र पनि अंशत: जनताका कैयौं न्यायपूर्ण मागहरूपूरा गराउनु सम्भव छ । २०६२/०६३ को महान जनआन्दोलनको परिणामस्वरूप देशमा राजतन्त्रको अन्त गरेर गणतन्त्रको स्थापनाका लागि अत्यन्त अनुकूल राजनैतिक परिस्थिति तयार भयो । त्यसकारण राष्ट्रिय जनमोर्चाले एकातिर, वर्तमान अवस्थामा आमूल परिवर्तनका लागि आधार तयार पार्न प्रयत्न गर्दै, अर्कोतिर, तात्कालिक रूपमा पनि देश र जनताका समस्याहरूको अधिकतम समाधानकालागि संघर्ष गर्ने छ । ती उद्देश्यहरू पूरा गर्नका लागि हाम्रो पार्टीले अन्य पक्षहरूसित पनि पारस्परिक सहमति वा समझदारीका आधारमा एकता कायम गरेर वा कामहरूमा सामन्जस्यता कायम गरेर काम गर्ने नीति अपनाउने छ । त्यो दिशामा व्यापक समर्थन, सहयोग, सहभागिता तथा ऐक्यवद्धताका लागि राष्ट्रिय जनमोर्चाले सम्पूर्ण जनतासित अपील गर्दछ ।•

# विधान

**प्रस्तावना :**

नेपाली जनताको २०६२/६३ को महान ऐतिहासिक जनआन्दोलनबाट २४० वर्षदेखि कायम रहेको सामन्ती अधिनायकवादी राजतन्त्रको अन्त भएता पनि देशमा अहिले पनि अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक व्यवस्था छ। त्यसले गर्दा नेपाली जनताको सामाजिक, आर्थिक अवस्था अत्यन्त दयनीय बनेको छ। हाम्रो देश एकातिर, शताब्दियौं देखिको सामन्ती व्यवस्था तथा राजतन्त्र र, अर्कातिर, विदेशी साम्राज्यवादी र विस्तारवादी शक्तिहरूबाट बाह्य रूपमा उत्पीडित र अपहेलित हुँदै आयो। यो अवस्थामा आमूल परिवर्तन नभैकन देशमा वास्तविक अर्थमा जनतन्त्रको स्थापना, राष्ट्रियताको रक्षा, राष्ट्रिय उद्योग तथा कृषिको विकास, मजदूर, किसान, महिला, दलित, जनजाति, अल्पसंख्यक पिछडिएका क्षेत्र, प्रवासी नेपाली सहित विभिन्न जनवर्ग र जनस्तरका समस्याहरूको समाधान नभईकन उनीहरूको अवस्थामा सुधार सम्भव छैन। महान ऐतिहासिक जनआन्दोलनबाट देशमा लोकतान्त्रिक गणतन्त्रको स्थापना भए पनि यो पूँजीवादी प्रकारको गणतन्त्रात्मक व्यवस्था हो। सामन्तवाद भन्दा पूँजीवाद प्रगतिशील व्यवस्था हो। तर पूँजीवादी संसदीय प्रणाली अन्तर्गत ती सबै समस्याहरूको समाधान हुन नसक्ने कुरा विश्व र नेपालका अनुभवबाट पनि प्रमाणित भैसकेको छ र त्यसका लागि नयाँ जनवादी व्यवस्थाको स्थापना आजको आधारभूत र ऐतिहासिक आवश्यकता हो। तैपनि विद्यमान आर्थिक, राजनैतिक व्यवस्थाको सीमाभित्र पनि अधिकतम राजनैतिक स्वतन्त्रता वा जनताका हित र अधिकारहरू सुनिश्चित गर्नका लागि जनताको व्यापक रूपमा परिचालन गर्नुपर्ने वा संघर्ष गर्नुपर्ने आवश्यकता छ। सबै शोषित उत्पीडित, मेहनतकश जनता, देशभक्त, जनतान्त्रिक र वामपंथी शक्तिहरूलाई संगठित, एकतावद्ध र सक्रिय पारेर उपरोक्त उद्देश्यहरू पूरा गर्नु नै राष्ट्रिय जनमोर्चाको उद्देश्य हो। यो संगठन परिचालनका लागि तल लेखिए अनुसार विधान बनेको छ :

## भाग-१
## संगठनको नाम, परिभाषा, झण्डा र छाप

**धारा-१ : नाम**

यस संगठनको नाम राष्ट्रिय जनमोर्चा रहने छ। अंग्रेजीमा National People's Front हुनेछ। छोटकरीमा नेपालीमा रा.ज.मो. र अंग्रेजीमा NPF भनिने छ।

**धारा-२ : कार्यालय**

संगठनको केन्द्रीय कार्यालय काठमाडौ उपत्यकामा रहने छ।

**धारा-३ : परिभाषा**

(क) "संगठन" भन्नाले राष्ट्रिय जनमोर्चालाई जनाउँछ।

(ख) "सदस्य" भन्नाले रा.ज.मो.को साधारण सदस्य सम्झनु पर्दछ।

(ग) "समिति" भन्नाले यो विधान अन्तर्गत संगठित कुनै पनि तहको कार्यकारिणी समितिलाई जनाउनेछ।

(घ) "पदाधिकारी" भन्नाले समितिका अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव र कोषाध्यक्षलाई सम्झनुपर्छ।

(ङ) "निर्धारित" वा "निर्धारित गरिए बमोजिम" भन्नाले यस विधान अन्तर्गत बनेको नियम, विनियम र निर्देशिकाले निर्धारण गरेको कुरा सम्झनु पर्छ।

**धारा-४ : झण्डा**

गाढा रातो रंगको पृष्ठभूमि १.५:१ अनुपातको लम्बाई चौडाई रहेको संगठनको झण्डा हुनेछ। त्यसमा माथितिर बाँयाँ पट्टी कुनामा चन्द्राकारमा ३ वटा ताराहरू रहनेछन्। त्यसको तल दायाँ पट्टि ४५ डिग्रीको कोणमा ताराहरूतिर लक्षित दायाँ हातको कसिएको मुट्ठी रहनेछ।

**धारा- ५ : छाप**

संगठनको छाप गोलाकारको हुनेछ। यस भित्र राष्ट्रिय जनमोर्चा, केन्द्रीय कार्यालय रहनेछ। बीचमा स्था. २०५२ राखिने छ। सबै सांगठनिक तहमा पनि त्यसको उल्लेख गरिने छ। अंग्रेजीमा छाप बनाउनु परेमा सोही अनुरूप हुनेछ।

## भाग-२
## सदस्यता

**धारा-६ : सदस्यता**

१. राष्ट्रिय जनमोर्चाको विधान र घोषणापत्रलाई पालन गर्ने १६ वर्ष उमेर पुगेका नेपाली नागरिक यसको सदस्य बन्न सक्नेछन् ।

२. सदस्यताका लागि वार्षिक शुल्क रू. १/- लाग्ने छ ।

**धारा-७ : सदस्यको काम कर्तव्य र अधिकार**

१. संगठनको अडान, भावना र नीति अनुकूल आफूलाई अघि बढाउनुको साथै जनताको हितको पक्षमा संघर्षरत रहनु र सेवा गर्नु ।

२. जनवादी केन्द्रीयता, अनुशासन र संगठनको गोप्यताको सुरक्षा गर्नु ।

३. प्रतिक्रियावादी क्रियाकलाप प्रति सजग र सतर्क रहनु तथा तिनका गतिविधिबारे जनतालाई निरन्तर सचेत पार्नु ।

४. पूरानो समाजको कलुषित, रूढीवादी र गलत विचारधारालाई हटाउनु, मनोगतवाद, उदारवाद तथा विभिन्न खाले अवसरवादको विरोध गर्नु तथा निरंकुश र उच्छृंखल आलोचनाबाट बच्नु ।

५. खराब कामहरूका विरूद्ध लड्ने साहस हुनु र सामन्ती तथा पूँजीवादी मूल्य, मान्यता विरूद्ध संघर्ष गर्दै श्रमजीवी नैतिक मूल्य मान्यताहरूद्वारा समृद्ध बन्न प्रयास गर्नु ।

६. महिला र पुरूष बीच भेदभाव गरिने सामन्ती संस्कार समाप्त पार्न प्रयत्नरत रहनु र महिलालाई पुरूष सरह समान अधिकार दिलाउन प्रयत्न गर्नु ।

७. सबै प्रकारका सामन्ती प्रचलन, कुरीति, अन्धविश्वास र छुवाछूत प्रथालाई समाप्त पार्न प्रयत्नरत रहनु ।

८. संगठनका हरेक सदस्यलाई संगठनका बैठक, भेला, सम्मेलनमा सहभागी बन्ने, छलफलहरूमा भाग लिने वा चुन्ने र चुनिने अधिकार रहने छ ।

**धारा-८ : अनुशासन सम्बन्धी कारवाहीको व्यवस्था**

१. संगठनको उद्देश्य, नीति र विधानको उल्लंघन गर्ने कुनै पनि सदस्य र समितिलाई अनुशासनको कार्वाही गर्न सकिनेछ । केन्द्रभन्दा तलका समितिहरूले आफ्ना सदस्यहरूलाई कार्वाही गरेपछि अनुमोदनका लागि केन्द्रीय समितिमा पठाउनु पर्नेछ । कार्वाहीको अवधि र अन्य नियम निर्धारित गरिए बमोजिम हुनेछ ।

२. अनुशासनको प्रणाली निम्नानुसार हुनेछ :

| | |
|---|---|
| (क) आलोचना गर्नु | (ख) स्पष्टीकरण माग्नु |
| (ग) चेतावनी दिनु | (घ) संगठनबाट निलम्बन गर्नु |
| (ङ) निष्काशन गर्नु | (च) समितिको विघटन गर्नु |

३. अनुशासनको कार्वाहीमा परेको सदस्य वा समितिले कार्वाही सम्बन्धमा चित्त नबुझेको खण्डमा माथिल्लो समितिमा पुनरावेदन गर्न सक्नेछ ।

४. कुनै पनि प्रकारको अनुशासनको कार्वाही गर्दा सम्बन्धित व्यक्ति वा समितिलाई स्पष्टिकरणको मौका दिइने छ ।

५. सदस्यताबाट निलम्बन गर्नुपर्ने स्थिति भएमा सम्बन्धित समितिको साधारण बहुमतले बढिमा ६ महिनाका लागि निलम्बन गर्न सक्नेछ । त्यसभन्दा बढी अवधिका लागि निलम्बन गर्नु परेमा माथिल्लो समितिबाट अनुमोदन लिएर मात्र थप गर्न सकिनेछ ।

६. केन्द्रीय समितिका सदस्यलाई सदस्यताबाट निष्काशित गर्नु परेमा वा पदीय जिम्मेवारीबाट हटाउनु परेमा केन्द्रीय समितिको बहुमतले यस्तो निर्णय गर्न सक्नेछ ।

७. केन्द्रीय समितिको सदस्यलाई सो केन्द्रीय समितिको सदस्यता वा साधारण सदस्यता दुबैबाट निलम्बन गर्नु परेमा केन्द्रीय समितिको साधारण बहुमतले बढीमा ६ महिनाका लागि निलम्बन गर्न सक्नेछ ।

८. समितिहरू निलम्बन गर्नु परेमा माथिल्लो समितिले बढीमा ६ महिनाका लागि निलम्बन गर्न सक्नेछ । निलम्बन गर्दा उक्त समितिको कार्यभार स्वयं माथिल्लो समितिले सम्भाल्नु पर्नेछ ।

९. कुनै निर्वाचित समितिलाई भंग गर्नु परेमा सम्बन्धित तहको भेला वा सम्मेलनले मात्र गर्न सक्नेछ । सो भेला वा सम्मेलनको आयोजना सम्बन्धित समिति वा माथिल्लो समितिले गर्नेछ ।

१०. धारा-८ मा अन्यत्र जुनसुकै लेखिएको भएता पनि कुनै सदस्य, पदाधिकारी वा जिल्ला एवं स्थानीय समितिले संगठनको विधान र उद्देश्य विरूद्ध खुलेर लागेमा वा विरोधी संगठनसंग आबद्ध भएका सदस्यको हकमा सम्बन्धित समितिले र समितिको हकमा माथिल्लो समितिले सोझै कारवाही गर्नेछ ।

**धारा-९ : सदस्यता समाप्त हुने अवस्था**

१. राजीनामा दिएमा
२. मृत्यु भएमा
३. अनुशासन उल्लंघन गरी संगठनबाट निष्काशित भएमा
४. मानसिक असन्तुलन भएमा

## भाग-३
## संगठनात्मक सिद्धान्त र स्वरूप

### धारा-१० : संगठनात्मक सिद्धान्त

१. जनवादी केन्द्रीयताको संगठनात्मक सिद्धान्त अनुसार रा.ज.मो.ले आफ्नो संगठनात्मक काम कार्वाहीहरू संचालन गर्नेछ ।

२. संगठनको काम कार्वाहीमा जनवादी केन्द्रीयताका निम्न सिद्धान्त पालना गरी कार्य गरिने छ ।

(क) सकेसम्म सहमतिका आधारमा र मत भिन्नता भएमा बहुमतका आधारमा बैठकहरूमा निर्णय लिइनेछ ।

(ख) संगठन भित्र छलफलको स्वतन्त्रता र कार्यमा एकताको नीति अवलम्बन गरिनेछ ।

(ग) सदस्यले समितिको निर्णयलाई, अल्पमतले बहुमतको निर्णयलाई, तल्लो समितिले माथिल्लो समितिको निर्णयलाई र सम्पूर्ण संगठनले केन्द्रीय समिति र राष्ट्रिय सम्मेलनको निर्णयलाई मान्नु पर्नेछ ।

(घ) व्यक्ति र समिति सबैले आफ्नो मत भिन्नता संगठन भित्र आफ्नो तहको सम्बन्धित समिति वा माथिल्लो तहमा खुलस्त राख्न पाउनेछन् ।

(ङ) सबै समितिहरूको कार्यप्रणाली सामुहिक निर्णय र व्यक्तिगत जिम्मेवारीका आधारमा संचालन गरिनेछ ।

(च) तल्ला समितिहरूले माथिल्ला समितिलाई निरन्तर आफ्ना काम कार्वाही बारे प्रतिवेदनका साथै सुझाव र राय पठाउनेछन् । नेतृत्वदायी समितिहरूले पनि तल्ला संगठन र सदस्यहरूको अनुभव र विचार र आलोचनालाई समुचित ध्यान दिई नीति निर्णयहरू निर्धारण गर्नु पर्नेछ र तल्लो तहका समितिहरूलाई संगठनको गतिविधिको आवश्यक जानकारी गराउनु पर्नेछ ।

### धारा-११ : संगठनात्मक स्वरूप

१. राष्ट्रिय जनमोर्चाको संगठनात्मक स्वरूप तीन तहको हुनेछ :

(क) केन्द्रीय (ख) क्षेत्रीय (ग) जिल्ला स्तरीय

२. केन्द्रीय स्तरका समितिमा अध्यक्ष, उपाध्यक्ष, महासचिव, कोषाध्यक्ष, सचिव पदाधिकारी र राष्ट्रिय सम्मेलनले तोकेको संख्यामा सदस्य तथा वैकल्पिक सदस्यहरू रहनेछन् । केन्द्रमा आवश्यकतानुसार बढीमा पाँचजना उपाध्यक्ष र बढीमा २ जना सचिव राख्न सकिनेछ । स्थानीय स्तरका समितिहरूमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव, कोषाध्यक्ष मध्ये जिल्ला सम्मेलनले तोकेको संख्यामा पदाधिकारी वा सदस्यहरू रहनेछन् ।

३. संगठनको सबै तहका समितिहरूमा महिलाहरू राखिनु अनिवार्य हुनेछ । दलित, जनजाति, अल्पसंख्यक समुदाय आदिलाई पनि सम्भावना भए अनुसार समितिमा राख्न पहल गर्नुपर्दछ ।

### धारा-१२ : राष्ट्रिय सम्मेलन

रा.ज.मो. को सर्वोच्च अंग राष्ट्रिय सम्मेलन हुनेछ । राष्ट्रिय सम्मेलन ४ वर्षमा एक पटक हुनेछ । विशेष स्थितिमा त्यो अवधि कम वा वेसी पनि हुन सक्नेछ ।

### धारा-१३ : राष्ट्रिय सम्मेलनको कर्तव्य

१. केन्द्रीय समितिद्वारा प्रस्तुत दस्तावेजहरू छलफल गरी आवश्यक संशोधन सहित पारित गर्नु ।

२. विधानमा संशोधन एवं हेरफेर गर्नु ।

३. विगतको कार्यविधिको काम कार्वाहीको समीक्षा गर्नु, तिनलाई स्वीकृत अस्वीकृत दिनु एवं आगामी कार्यावधीका लागि नीति र कार्यक्रम तयार पार्नु ।

४. संगठनको आय-व्ययको हिसाब बारे छलफल गरी निर्णय लिनु ।

५. नयाँ केन्द्रीय समितिको निर्वाचन गर्नु ।

### धारा-१४ : केन्द्रीय समिति

१. यस विधानमा अन्यत्र जेसुकै लेखिएको भएता पनि कुनै कारणवश केन्द्रीय समिति भंग भई केन्द्रीय संगठन समिति बनेको र राष्ट्रिय सम्मेलन सम्पन्न नभइसकेको बीचको अवस्थाको अवधिभर केन्द्रीय संगठन समिति नै संगठनको सर्वोच्च अंग मानिने छ ।

२. राष्ट्रिय सम्मेलनले केन्द्रीय समितिको निर्वाचन गर्नेछ । केन्द्रीय समितिको सदस्य संख्या राष्ट्रिय सम्मेलनले निर्धारित गरे बमोजिम हुनेछ । केन्द्रीय समितिका पदाधिकारीहरू र सदस्यहरू राष्ट्रिय सम्मेलनद्वारा निर्वाचित केन्द्रीय समितिको बैठकबाट चयन गरिने छन् ।
३. केन्द्रीय समितिको नियमित कार्य संचालन गर्न केन्द्रीय समितिले निर्वाचित गरेको एक सचिवालय रहने छ । जसमा अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, महासचिव, कोषाध्यक्ष अनिवार्य रूपले र केन्द्रीय समितिले आवश्यक ठहऱ्याएका अन्य ३ जना सदस्यहरू समेत रहनेछन् ।
४. राष्ट्रिय सम्मेलनद्वारा केन्द्रीय समितिको निर्वाचन नहुँदासम्म केन्द्रीय संगठन समितिको अधिकार र कर्तव्य केन्द्रीय समिति सरह हुनेछ ।
५. केन्द्रीय समितिले सल्लाहकारहरूको चयन गर्ने छ । त्यसको संख्या राष्ट्रिय सम्मेलनले निर्धारित गरेअनुसार हुनेछ ।

**धारा-१५ : केन्द्रीय समितिको काम, कर्त्तव्य र अधिकार**

१. संगठनको कार्य संचालन गर्नु, राष्ट्रिय सम्मेलनद्वारा पारित नीति, निर्देशन र निर्णयहरू कार्यान्वयन गर्नु, मातहतका संगठनहरूलाई आवश्यक निर्देशन र रेखदेखगर्नु तथा राष्ट्रिय अन्तर्राष्ट्रिय सवालबारे फैसलागर्नु ।
२. राष्ट्रिय सम्मेलनका लागि दस्तावेजहरू तयार पार्नु र तिनलाई छलफलमा पठाउनु ।
३. राष्ट्रिय सम्मेलनको आयोजना गर्नु ।
४. एक तिहाई जिल्ला समितिहरूले माग गरेको खण्डमा नियमित राष्ट्रिय सम्मेलन भन्दा अगाबै र माग गरिएको मितिले ६ महिना भित्र राष्ट्रिय सम्मेलन बोलाउनु ।
५. राष्ट्रिय सम्मेलनमा नयाँ केन्द्रीय समितिको नामावली प्रस्तुत गर्नु ।
६. संगठनका निम्ति आवश्यक समिति र विभागहरू गठन गर्नु ।
७. केन्द्रीय समितिको बैठक वर्षमा कम्तीमा दुई पटक बस्नु अनिवार्य हुनेछ ।
८. सम्बन्धित तहको भेला वा सम्मेलनद्वारा निर्वाचित कुनै समिति कुनै कारणले अल्पमतमा पर्न गएमा स्वत: विघटन हुनेछ र संगठन समितिमा बदलिनेछ ।

**धारा-१७ : क्षेत्रीय समिति**

केन्द्र र जिल्ला समितिको बीचको कामको समन्वय गर्न क्षेत्रीय समितिको गठन गर्न सकिने छ । तिनीहरूको मनोनयन वा पुनर्गठन आवश्यकतानुसार केन्द्रीय समितिले गर्न सक्नेछ । क्षेत्रीय समिति अञ्चल स्तरमा वा आवश्यकतानुसार एक भन्दा बढी अञ्चलहरूलाई मिलाएर पनि गर्न सकिने छ । कुनै क्षेत्रको भौगोलिक बनावट, सांगठनिक अवस्था आदिका कारणले उपक्षेत्र बनाउन आवश्यक देखिएमा उपक्षेत्रीय समिति पनि बनाउन सकिने छ । उपक्षेत्रीय समितिको काम पनि क्षेत्रीय समितिको जस्तै केन्द्र र जिल्लाहरू बीच समन्वय गर्नु हुनेछ ।

**धारा-१८ : जिल्ला समिति**

जिल्ला स्तरीय भेला वा सम्मेलनले निर्धारित गरेको सदस्य संख्या भएको एक जिल्ला समितिको निर्वाचन गर्नेछ । निर्वाचित समितिले आफू मध्येबाट पदाधिकारीको चयन गर्नेछ । जिल्ला समितिको बैठक घटिमा वर्षको ४ पटक बस्ने छ । जिल्ला समितिले केन्द्रीय समितिको नीति निर्देशनमा रही कार्य गर्नेछ र मातहतका समितिलाई आफूले पनि नीति निर्देशन दिनेछ ।

**धारा-१९ : जिल्ला सम्मेलन**

हरेक २ वर्षमा जिल्ला सम्मेलन हुनेछ । आवश्यकतानुसार त्यो अवधि कम वा बढी पनि हुनसक्नेछ । जिल्ला सम्मेलनको आयोजना जिल्ला समितिले गर्नेछ ।

**धारा-२० : स्थानीय समिति**

जिल्ला समिति र जिल्ला समिति भन्दा तलका समितिहरूलाई स्थानीय समिति भनिने छ । जिल्ला समिति भन्दा तल आवश्यकतानुसार एरिया समिति, गाउँ समिति र वडा समिति रहनेछन् । नगर क्षेत्रमा नगर समिति, वडा समिति र टोल समितिहरू हुनेछन् ।

**धारा-२१ : स्थानीय समितिका काम, कर्त्तव्य र अधिकार**

स्थानीय समितिका काम, कर्त्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) जनतासंग प्रत्यक्ष वा घनिष्ट सम्बन्ध राख्नुका साथै उनीहरूको राय, सुझाव र समस्याहरू संचालन गर्नु ।

(ख) उनीहरूका समस्या समाधानका निमित्त हमेशा प्रयत्नरत रहनु ।

(ग) जनसमुदाय र प्रतिक्रियावादीहरू बीच चल्ने अन्तरविरोध र संघर्षका बारेमा संगठनका सदस्य र विशाल जनसमुदायलाई विचारधारात्मक शिक्षा दिनु, प्रतिक्रियावादीका राजनैतिक सिद्धान्त, विचार र गतिविधिहरूका बारेमा सचेत पार्नु र तिनीहरूका विरूद्ध मिल्नसक्ने जतिलाई साथमा लिई संघर्ष चलाउनु ।

(घ) संगठन भित्रका सदस्यहरूको उत्साह, आत्मविश्वास र मनोबललाई सेलाउन नदिई निरन्तर बढाउँदै लैजानका लागि विचारधारात्मक संघर्ष चलाउनका लागि प्रयत्नशील रहनु, उनीहरूको सैद्धान्तिक चेतनाको स्तर उठाउन आवश्यक पुस्तकालय, शिक्षा, प्रवचन र पत्रपत्रिकाहरूको प्रबन्ध मिलाउनु ।

(ङ) संगठनमा नयाँ सदस्यहरू बनाउनु, शुल्क उठाउनु, संगठनलाई सुदृढ बनाउनु र संगठनको अनुशासनको परिचालन गर्नु ।

(च) संगठनको साहित्य र अखबारको बिक्री वितरण र हिसाबको व्यवस्था गर्नु ।

(छ) केन्द्रीय समितिले पठाएको नीति, निर्देशन र निर्णयहरूलाई कार्यान्वयन गर्नु र आफूले प्राप्त गरेको अनुभव, सुझाव, सल्लाह र रिपोर्ट केन्द्रमा पठाउनु ।

**धारा-२२ : केन्द्रीय पदाधिकारी र सदस्यहरूको काम, कर्तव्य र अधिकार**

केन्द्रीय पदाधिकारी र सदस्यहरूले केन्द्रीय समितिले तोकेको काम, कर्त्तव्य र अधिकार प्रयोग गर्नेछन् ।

**धारा-२३ : निर्वाचन प्रक्रिया**

१. सबै स्तरको भेला वा सम्मेलनमा पुरानो कार्यसमितिले नामावली प्रस्तावित गर्नेछ । त्यसपछि सम्बन्धित भेला वा सम्मेलनले त्यसमा प्रस्तावित सूचीलाई यथावत अनुमोदन गर्न, आंशिक परिवर्तन गर्न वा पूरै परिवर्तन गर्न सक्नेछ ।
२. संगठनका पदाधिकारी एवं सदस्यहरूको निर्वाचन खुला वा गोप्य मतदानद्वारा गर्न सकिने छ ।
३. निर्वाचनको अन्य प्रक्रिया केन्द्रीय समितिले निर्धारित गरे बमोजिम हुनेछ ।

## भाग-४
## कोष तथा लेखा परिक्षण

**धारा-२४ : कोषको व्यवस्था**

संगठनको एक आर्थिक कोष हुनेछ । कोषमा सदस्यता शुल्क र सहयोग एवं अन्य आर्जनद्वारा प्राप्त रकम रहनेछ । कोष बैंकमा रहने छ र अध्यक्ष र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट बैंक कारोबार संचालन हुनेछ ।

**धारा-२५ : लेखा परीक्षण**

संगठनको सबै तहको आय, व्यय, मौज्दात र जिन्सी सहितको विवरण राखी तयार पारिएको प्रतिवेदन सम्बन्धित तहका आ-आफ्ना भेला वा सम्मेलनमा प्रस्तुत गर्नु पर्नेछ । त्यसरी भेला वा सम्मेलनबाट पारित प्रतिवेदन केन्द्रीय समितिमा पेश गर्नुपर्नेछ ।

## भाग-५
## विविध

**धारा-२६ : नियम र उपनियम**

यस विधानको अधिनमा रही केन्द्रीय समितिले आवश्यक नियम वा उपनियम निर्माण गर्न सक्नेछ ।

**धारा-२७ : गणपुरक संख्या**

संगठनको सम्मेलन, भेला र समितिहरूको बैठकका लागि आवश्यक गणपुरक संख्या सम्बन्धित सदस्य संख्याको साधारण बहुमत हुनेछ ।

**धारा-२८ : सम्पर्क समिति**

१. विभिन्न जिल्लाबाट काठमाण्डौ उपत्यकाभित्र आई अस्थायी बसोबास गर्ने, अध्ययन वा विभिन्न पेशामा कार्यरत सदस्य तथा समर्थकहरूलाई संगठनमा आबद्ध गरी क्रियाशील बनाइराख्ने उद्देश्यले केन्द्रीय समिति र कार्यालयको प्रत्यक्ष पहल र सम्पर्कमा उपत्यका सम्पर्क समिति मातहत जिल्ला सम्पर्क समितिहरू गठन गरिनेछ ।
२. राष्ट्रिय सम्मेलन वा भेलाहरूमा प्रतिनिधित्वको लागि केन्द्रीय समितिले तोकेबमोजिम हुनेछ ।
३. समितिको गठन प्रक्रिया, पदाधिकारी र सदस्य संख्या यसै विधानअन्तर्गत रही के.स.ले तोके बमोजिम हुनेछ ।

**धारा-२९ : विभागहरू**

केन्द्रीय, क्षेत्रीय वा जिल्ला समितिहरूले आफ्नो कामको आवश्यकतानुसार विभाग, उपविभाग वा उपसमितिहरू बनाउन सक्नेछन् ।

**धारा-३० : विशेष प्रतिनिधित्व**

हरेक समितिले आफ्नो सम्मेलन आयोजना गर्दा प्रतिनिधि तथा पर्यवेक्षकको कूल संख्याको १० प्रतिशत प्रतिनिधि तथा पर्यवेक्षक मनोनयन गर्न सक्नेछ ।

**धारा-३१ : राष्ट्रिय परिषद्**

राष्ट्रिय सम्मेलनले एउटा राष्ट्रिय परिषद्को गठन गर्ने छ । त्यसको संख्या सम्मेलनले निर्धारित गरे बमोजिम हुनेछ । परिषद्का सदस्यहरू मध्ये ७५ प्रतिशत सदस्य स्थायी प्रकारका हुनेछन् र २५ प्रतिशत सदस्यहरू अस्थायी प्रकारका हुनेछन् । अस्थायी सदस्यहरूको ठेगान केन्द्रीय समितिले गर्नेछ । अन्य कार्यविधी केन्द्रले तोके बमोजिम हुनेछ । •